ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ
कोशी प्रदेश

कार्यवाहक अध्यक्ष श्री गुणावती देवी थारुले प्रस्तुत गर्नु भएको

# आ.व. २०८१/०८२ को
# वार्षिक नीति तथा कार्यक्रम

मितिः २०८१ साल जेठ २२ गते

सम्मानित सभाका
प्रमुख अतिथि माननीय श्री जय प्रकाश चौधरीज्यू
विशिष्ट अतिथि माननीय श्री ललिता चौधरीज्यू
सभाको सचिबज्यू
पूर्व अध्यक्ष श्री शिव नारायण माझीज्यू
पूर्व उपाध्यक्ष श्री फुलकुमारी चौधरीज्यू
राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु
वडा अध्यक्षज्यू
गाउँ सभाका सदस्यज्यूहरु
विभिन्न संघ संस्था संजाल मञ्जका प्रमुख प्रतिनिधिहरु
सम्पूर्ण कर्मचारीहरु
उपस्थित सम्पूर्ण महानुभावहरु ।

ग्रामथान गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनको बैठकमा आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अत्यन्तै हर्षित ठानेको छु । यो अवसर प्रदान गर्ने सम्पूर्ण गाउँपालिकाका नागरिकहरू प्रति फेरी पनि हार्दिक आभार व्यक्त गर्दछु । संघ प्रदेश र स्थानीय तहको वीचमा सहकारिता, समन्वयर सह-अस्तित्वबाट "**समृद्ध नेपाल, सुखी नेपाली**" को आकांक्षा पुरा गर्नु हामी सबैको साझा दायित्व हो । यही आकांक्षालाई आत्मासात गर्दै हामीले "**विकास र समृद्धिको लागि साथ तपाइको नेतृत्व हाम्रो**" भन्ने सोच अंगिकार गरेका छौ ।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र सामाजिक न्याय लगायत रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्रपंक्तिमा रहेर योगदान गर्नुहुने सम्पूर्ण अग्रज वीर पूर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न आन्दोलनमा घाइते तथा अपाङ्गताहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस गाउँपालिका, गाउँकार्यपालिका अध्यक्ष श्री जयप्रकाश गच्छदार विरामी भई उपचाररत रहनु भएको हुँदा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

## गाउँपालिकाले नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न बिषयहरुलाई आधार लिएको छ।

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

(च) स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

(छ) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना

(ज) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

(झ) स्रोत साधन

(ञ) विकासका अन्तरसम्बन्धित बिषयहरु

(ट) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि।

## नीति तथा कार्यक्रमका प्राथमिकताहरु

**गाउँपालिकाले नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिइनेछ।**

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

(घ) स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,

(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

(ञ) स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु।

आगामी आ.व. मा जनताले राखेको अपेक्षालाई सम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास, लैंगिक समानता, सामाजिक न्याय, सुशासन, सेवा प्रवाह तथा राजस्व परिचालनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दै आगामी आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम पेश गरेको छु।

पूर्वाधार विकासका साथै माध्यमिक तहसम्म अनिवार्य र निःशुल्क शिक्षा, गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा, विद्युतीकरण, सुरक्षित र उज्यालो गाउँ लगायत विकासका पूर्वाधार तयार ीमा ठूलो अंश विनियोजन गर्नु पर्ने वाध्यता रहेको छ। कृषि, पर्यटन, पशुपालन, व्यापार व्यवसाय तथा उद्योग प्रवर्द्धन लगायतका आर्थिक, सामाजिक एवम् साँस्कृतिक क्षेत्रमा योजनावद्ध ढङ्गले नीतिहरु निर्माण गरी कार्यान्वयन गर्ने लक्ष्य लिएका छौँ।

संघीयताको अवधारणा अनुरूप नेपालको संविधानले स्थानीय तहहरूलाई कार्यकारी, व्यवस्थापकीय र न्यायिक  अधिकारहरु सुनिश्चित गरेको छ। स्थानीय तहहरू अन्य तहका सरकारहरूसँग सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गरी व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारहरु प्रयोग गर्न सक्षम बनाइनेछ। स्थानीय सरकारबाट प्रदान गरिने सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, नियम, ऐन कान ून, योजना तथा वजेट तर्जुमा गरी यसको कार्यान्वयन स्थानीय स्तरमै प्रभावकारी ढङ्गले भइरहेका छन्।

अब म गाउँपालिकाको आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## .1 आर्थिक विकास क्षेत्र

- कृषि क्षेत्रको विविधीकरण, व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिबृद्धि गरिनेछ।
- प्राङ्गारीक खेती प्रणाल ीलाई बढावा दिन आवश्यक व्यवस्था गरिनेछ।
- माटो जाँच गर्न प्रयोगशाला निर्माण र संचालन गरिनेछ।
- लसुनलाई ग्रामथानको नगदे बाली घोषणा गरि "लसुन पकेट कार्यक्रम" संचालन गरिनेछ।
- कृषि पाठशाला आई. पि. एम. संचालन गरिनेछ।
- स्थानीय बीउ तथा नर्सरीहरुको उत्पादनलाई अगाडि बढाउन आवश्यक सहकार्य गरिनेछ।

- पशुपंक्षी पालन व्यवसायलाई व्यवसायिक उत्पादनमूलक प्रणालीको विकास गर्दै लगिनेछ । साथै पशुपंक्षी पालन व्यवसायमा देखा पर्ने आकस्मिक सरुवा र संक्रामक रोगहरुको बारेमा सचेतनाम ूलक कार्यक्रम तथा रोगहरु बिरुद्व खोप लगाईनेछ ।
- बर्षै भरि पोषिलो हिउँदे, हरियो तथा बर्षे र डालेघाँस उत्पादन र आपूर्तिको व्यवस्था गरिनेछ ।
- पशु वस्तुहरुलाई AI गरि नश्ल सुधार गरिनेछ ।
- सार्वजनिक पोखरीहरुको पहिचान, अभिलेख ीकरण गरी व्यवसायिक मत्स्य पालन गर्ने तथा मत्स्य पालन गर्ने कृषकहरुलाई उचित प्रविधि र स्वस्थ्य माछाको भुरा उपलब्धतामा प्रोत्साहित गरिनेछ ।
- व्यवसायिक फर्म, डेरी, मासु पसल र उत्पादित वस्तुहरुको गुणस्तर अनुगमन तथा निरिक्षण गरिनेछ ।
- पशुपन्छी पालक कृषकहरुलाई बर्षैभरि विभिन्न रोग तथा समस्याको समाधान औषधि उपचारका साथै आन्तरिक र बाह्य परजिवि बिरुद्ध औषधिको ब्यवस्था, प्राविधिक परामर्श, सेवाको ब्यवस्था मिलाईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न लागत साझेदारी गरि उद्यमशिलता मार्फत रोजगरि सृजना गरिनेछ ।
- ग्रामथान गाँउपालिको उद्यम विकास रणनीतिक योजना  कार्यान्वयन गरिनेछ ।
- व्यवसाय दर्ता शिविर सञ्चालन गरि व्यवासाय दर्ता गर्ने कार्यको सहजीकरण गरिनेछ ।
- व्यवसाय गरिरहेका व्यपारी तथा उद्यमीहरुलाई व्यवसायिक योजना सम्बन्धि तालिम सञ्चालन गरिनेछ ।
- महिलाको नाममा व्यवसाय दर्ता गराउँदा दर्ता तथा  नविकरण शुल्कमा  छुट दिइनेछ ।
- स्थानीय उधोगहरुसँग असल श्रम सम्बन्ध विकास गरि रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।
- रिटर्नीहरुको ज्ञान र सीपलाई उच्चतम उपयोग गरि उद्यमशीलता प्रवर्दन गरिनेछ ।

- यूवा लक्षित व्यवसायिक, रोजगारमूलक, जीवनोपयोगी तथा आयमूलक तालिम संचालन गरिनेछ ।
- बाल श्रममुक्त गाउँपालिका बनाउन सचेनतामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभाबकारी बनाउन साझेदारी आयोजना संचालन गरिनेछ ।
- महिला, अपाङ्गता, दलित, जनजाती लगायतका वर्गलाई श्रम बजारमा प्रवेश गराउन रोजगारीका लागि क्लब गठन गरि परिचालन गरिनेछ ।
- **"ग्रामथानको भक्का आम्दानी पक्का"** भन्ने नारालाई सार्थक बनाउन पौष माघ महिनामा ग्रामथान भक्का मेलाको आयोजना गरिनेछ ।
- कृषि तथा पशुपालनमा देखिएका समस्या समाधान गर्न हेलो कृषि कार्यक्रम संचालन गरिनेछ ।
- कोल्ड स्टोरको लागि आवश्यक पहल गरिनेछ ।

**2. सामाजिक विकास क्षेत्र**

- ग्रामथान गाउँपालिका क्षेत्र भित्र रहेका थानहरुलाई अभिलेखिकरण गरि संरक्षण तथा सम्बद्धन गर्दै सामाजिक, सास्कृतिक र धार्मिक पुजिको सरक्षण र प्रसार प्रचारका लागि मेला आयोजना गरिनेछ ।
- झोराहाटमा निर्माणाधीन १५ शैयाको अस्पताल निर्माण तथा संचालन गर्न सम्वद्ध निकायमा समन्वय तथा सहकार्य लगिनेछ ।
- गाउँघर क्लिनिकहरुको भवन निर्माण तथा व्यवस्थित गरिदै लगिने छ ।
- नागरिकको स्वास्थ पहुचलाई सहज र सरल बनाउन नियमित घरभेट तथा जाँच गरी स्वास्थ नागरिक अभियान संचालन गरिनेछ
- बर्थिगं सेन्टरको सेवाको पहुँच बिस्तार गर्न प्रसुती सेवा लिदा थप सुत्केरी स्याहार खर्चको व्यवस्था गरिने छ ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम सन्चालन गर्न निर्देशिका तयार गरि पोषण मैत्रि स्थानिय तह कायम राखिनेछ ।
- स्वास्थ्य क्षेत्रको ल्याब सेवालाई विस्तार तथा व्यावस्थापन गरिदै लगिने छ ।
- नसर्ने रोगको समयमा पहिचान तथा उपचारमा जोड दिने व्यवस्था मिलाईनेछ ।

- सामुदायिक विद्यालयहरु का सबै तह र बिषयका शिक्षकहरुका लागि क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन   गरिनेछ ।
- सामुदायिक विद्यालयमा रहेका शिक्षक तथा कर्मचारीहरुको दरवन्दी मिलान कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका लागि प्रधानाध्यपकसगँ कार्य सम्पादन सम्झौता गरिनेछ । विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक शिक्षकहरुको कार्यसम्पादन करारका लागी सम्झौता गरिनेछ ।
- बालबालिकाहरुको शारिरिक र मानसिक स्वास्थ्यका लागि विद्यालयहरुमा खेलकुद लगायत अतिरिक्त गतिविधि सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।
- विद्यालयहरुको प्रभावकारी सुपरिवेक्षण, अनुगमन मुल्यांकन र पेशागत सहयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । सामुदायिक विद्यालयहरुको सुधारको बिषयमा सरोकारबालाहरु सँग अन्तरक्रिया, छलफल, सम्बाद्ध कार्यक्रम सञ्चालन गरिनेछ ।
- संस्थागत विद्यालयको दर्ता र नविकरण गरी आवश्यक सूचक र मापदण्डका आधारमा नियमानुसार कक्षा सञ्चालन अनुमति प्रदान, छात्रवृति वितरण तथा विद्यालयको बर्गिकरण गरी शुल्क निर्धारण गरिनेछ ।
- स्थानीय पाठ्यक्रम कक्षा १-५ शैक्षिक शत्र २०८२ बाट गरिनेछ  र उक्त तहको सन्दर्भ सामग्रि तथा पाठ्य पुस्तक निर्माण गरिनेछ ।
- किशोराअवस्थामा हुने डिप्रेसन एन्जाईटी तथा आत्महत्या निरुत्साहित गर्न मनोसामाजिक परामर्स कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाको सामाजिक तथा आर्थिक सशक्तिकरण गर्न सामुहिकीकरण तथा सन्जालीकरणमा जोड दिईनेछ ।
- यस आ.व.मा महिला उद्धमी तयारी उत्पादित वस्तुको बजारीकरणको व्यवस्था गरिनेछ ।
- बेटी बचाउ अभियानलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नगारिक दिवासेवा केन्द्र र भेटघाट स्थलको व्यवस्था गरिनेछ ।
- बालसंरक्षण तथा बालमैत्री स्थानीय शासन कार्यविधि संशोधन गरिनेछ ।
- बालमैत्री वडा र पालिका घोषणाका लागि सरोकारवालाहरु सँग समन्वय गरी बाल अधिकार समिति निर्माण गरिनेछ ।

- बालबालिकाको पार्श्वचित्र तथा स्थितिपत्र निर्माण गरिने छ ।
- गाउँपालिकाद्वारा टोल विकास संस्था प्रत्येक टोलमा गठन गरी सवै घर परिवारलाई उक्त संस्थामा आवद्ध गरिने छ ।
- लोककला भाषा संस्कृतिको संरक्षणको लागि थारु संग्रालयको व्यवस्थापन र स्तरोन्नती गर्दै मा.वि. स्तरका विद्यालयहरुमा संग्रहालाय स्थापना तथा संचालन गरिने छ ।
- धर्म, संस्कृति, कला, साहित्य, खेलकुद पत्रकारिता र उद्यम प्रवर्धनका  लागि श्रष्टा सम्मान कार्यक्रम गरिने छ ।
- बालवालिका तथा युवा दुर्व्यशनी विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकाको बजारक्षेत्रमा अपाङ्गतामैत्री, बालमैत्री तथा महिलामैत्री सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्था गरिनेछ ।
- महिला, दलित, आदिवासि, जनजाती, मधेसी, मुस्लिम, उत्पीडीत, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको वर्गलाई स्वरोजगार बनाउन विउँ पूजीँ सहितको सीपमुलक तालिम गर्नका साथै क्षमता प्रस्फूटन गरिने व्यवस्था मिलाईने छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अशक्त तथ पूर्ण अपाङ्गता लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण तथा नयाँ दर्ता र सामाजिक सुरक्षा वितरण व्यवस्था सहज बनाइनेछ ।
- जन्मनेलाई स्वागत र मृतकलाई श्रदान्जलीका लागि जीवन मरण कार्यक्रम संचालन गरिनेछ ।
- **“ग्रामथानको नाम बचाउँ हाम्रो थान”** भन्ने नारालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सडियोधामीको विषयमा खोज अध्ययन अनुसन्धान गरी बैज्ञानिक पक्षको अन्वेषण गरिनेछ ।
- ग्रामथानवासीहरुलाई उपचारका लागि आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध हुने व्यवस्था गरिनेछ ।

## 3. पूर्वाधार विकास क्षेत्र

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न आवश्यक पहल गरि बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकामा ठुला बजेटका योजनाहरु तर्जुमा गरि नमूना योजनाको रुपमा कार्यान्वयन गरिने छ ।
- गाउँपालिकाका मुख्य मुख्य सडकहरुमा आधुनिक सडक वत्ति जडान गरी उज्यालो ग्रामथान बनाइनेछ ।
- स्थानीय रुपमा विकास निर्माणका कार्य सञ्चालन गर्दा स्थानीय जनसहभागिता र सार्वजनिक निजी साझेदारीको अवधारणा जोड दिइनेछ ।
- रुपान्तरणकारी रणनीतिक र कृषि सडकलाई उच्च प्राथमिकतामा राखि DPR गरिनेछ र तिनै तहको सरकारको सहभागिता मार्फत सडक स्तरोन्नती गरिनेछ ।
- पूर्वाधार क्षेत्रको मर्मत सम्भारका लागि छुट्टै कोष मार्फत मर्मत सम्भार गरिने छ ।
- विपन्न तथा पिछडिएको समुदायका लागि सामुहिक आवास लगायतका एकिकृतवस्ति विकासका योजनाहरु तर्जुमा गर्न पहल गरिनेछ ।
- स्थानीय सस्कृति प्रवर्दन होमस्टे निर्माण आदिका लागि आवश्यक कानूनी व्यवस्था गरी पूर्वाधार निर्माणमा जोड दिइने छ ।
- शुद्ध पिउनेपानीको लागि आवश्यक संरचनाहरु निर्माण गरि सवैको पहुँच विस्तार गरिनेछ ।
- भवन संहिता अनुसार मात्र भवन निर्माण गर्न इजाजत दिइनेछ ।
- पूर्वाधार निर्माणको गुणस्तर परिक्षणका लागि ल्याब सेवा संचालनको प्रकृया अगाडि बढाइनेछ ।

**.4 वनवातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ,**

- गाउँपालिकाको विपद व्यवस्थापन नीति, कानुन, रणनीति कार्ययोजना तयार गरि जोखिम क्षेत्रको पहिचान र नक्सांङ्कन गरिनेछ।
- निर्माण क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति तयार गरिनेछ।
- सबै वडामा आधारभुत खोज तथा उद्दारका लागि तालिम प्राप्त जनशक्ती तयार गरि खोज तथा उद्दार जन्य सामाग्री व्यवस्थापन गरिनेछ।
- सडक किनारमा निर्माण सामाग्री भण्डारण तथा र पशु चौपाया खुला छोडी सडक दुर्घटनाबाट हुने जोखिम न्यूनिकरणका लागी सचेतना मुलक अभियान सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र वर्षाबाट पानीले हुने डुवानको समस्या निराकरण गर्न आवश्यक व्यवस्थापन गरिनेछ र खुला जग्गामा वृक्षारोपण गरि वातावरणीय क्षेत्र प्रवर्दन गरिनेछ।
- समुदायमा सरसफाई स्वच्छता प्रवर्दन गर्न फोहोरमैला व्यवस्थापन योजना तयार गरिनेछ।
- आपतकालिन कार्य सन्चालन केन्द्र स्थापनाका लागि आवश्यक पहल गरि उद्दार तथा राहत सामाग्री व्यवस्थापन गरिनेछ।

**.5 सुशासन तथा संस्थागत विकास क्षेत्र**

- सेवा प्रवाहलाइ सरल, सहज र प्रभावकारी वनाउन हेल्प डेस्कको व्यवस्था गरिनेछ।
- ग्रामथान गाउँपालिका भित्र हुने दुर्घटना तथा अपराधिक गतिविधि नियमनका लागि सि. सि. क्यामेरा जडान गरिने छ।
- कर्मचारीहरुसंग कार्यसम्पादन करार गरि कार्यसम्पादनका आधारमा मूल्याङ्कन गरिनेछ।
- कार्यालयमा सेवाग्राहीवाट आएका गुनासो र सूचना मागलाई यथाशिघ्र सम्वोधन गरिनेछ।
- वेरुजु सम्परिक्षणलाई प्राथमिकतामा राखी न्यूनिकरण गरिनेछ।

- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।
- सेवा करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने छ।
- कार्य प्रकृति, कार्यबोझ र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ति आँकलन सम्वन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी संगठन तथा व्यवस्थापन परीक्षण आधारमा कर्मचारी व्यवस्थापन गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ।
- कार्यालयबाट नागरिकलाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिनेछ। नागरिक वडापत्रलाई मोवाइल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिनेछ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।
- पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिका तालिम तथा असल अभ्यासहरुको अवलोकन भ्रमणको ब्यवस्था गरिनेछ।
- अन्तर स्थानीय तहको सम्वन्धको विकास गर्दै देश, विदेशका उत्कृष्ट गाउँनगरसँग/ भगिनी सम्बन्ध स्थापना गर्ने कार्यको थालनी गरिनेछ।
- भिलेज प्रोफाइल तथा आवधिक योजना तर्जुमा गरी मध्यमकालीन संरचना र वार्षिक योजनासँग सम्बन्ध स्थापित गरिनेछ।
- न्यायिक समितिबाट सम्पादित कामलाई छिटो छरितो विश्वासनीय बनाइने छ
- कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाको संस्थागत विकासका लागि नीतिगत संरचनागत सुदृढीकरण गरिनेछ
- स्थानीय सेवाको पहिचान सूचीकरण वर्गीकरण प्राथमिकीकरण गरी सेवाग्राही सन्तुि मापन गरिनेछ
- अन्तरपालिका समन्वय र अन्तरआवद्धतालाई सुमधुर बनाइनेछ
- टोल विकास  संस्थाको कार्यविधि अनुसार वडा कार्यालय मार्फत टोलवासीलाई सामाजिक तथा विकास निर्माणमा सक्रीय सहभागिता गराइनेछ
- विषयगत समितिको भुमिकालाई चलायमान रचनात्मक र परामर्शदायी बनाइनेछ

- राजस्व शाखा स्थापना गरिनेछ साथै आगामी आ व मा राजस्व सुधार योजना तर्जुम गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय तह संस्थागत सुशासन कार्यविधिले तोकेको सूचक बमोजिम संस्थागत संरचनागत नीति व्यवस्था गरिनेछ
- संविधान तथा कानुन बमोजिम तर्जुमा गर्नु पर्ने कानुनहरु तर्जुमा गरिनेछ
- ग्रामथान प्रवेश विन्दुहरुमा ग्रामथानको बैभव (धार्मिक साँस्कृतिक प्राकृतिक ) झल्कने फोटो राखिनेछ
- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई राजस्व वृद्धिका लागि आगामी वर्ष राजस्व सुधार कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- चालु खर्चलाई निश्चित सीमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिनेछ ।
- आन्तरिक स्रोतको पहिचान गरी राजस्वको दायराभित्र ल्याइनेछ । कर शिक्षा, कर सहभागिता, कर फछ्र्यौट कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- जनतालाई करको भार महसुस नगराई, निजी क्षेत्रको विकासमा बाधा नपुग्ने गरी प्रगतीशिल कर प्रणालीको माध्यमद्धारा नागरिकहरुलाई अपनत्व हुने करका दरहरु निर्धारण गरिनेछ ।
- व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणलीमा आवद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।
- गाउँपालिकालाई प्राप्त राजश्वका अधिकारसँग सम्वन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।
- गाउँपालिकाको राजश्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजश्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजश्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाभित्रका सातै वडाहरूलाई राजश्व सङ्कलन र परिचालनमा अपनत्व बढाउनका लागि राजश्वको सीमा दिई सो सीमा हासिल गर्ने वडालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।

## ६. बजेट निर्माण तथा कार्यान्वयन

वडागत रुपमा भूगोल, विकासको आवश्यकता, लागत र जनसंख्याको आधारमा बजेट सिलिङ तयार गरी  कार्यक्रम तथा बजेट विनियोजन गरिने नीति लिइनेछ ।

गाउँ बासीहरुका असीमित आवश्यकता र मागलाई पूरा गर्न वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुलाई एकीकृत गरी आयोजना बैंकको रुपमा राखिने र योजनाहरुको लागि आवश्यक थप रकम निकासाको लागि प्रदेश तथा संघीय सरकारमा माग गरिनेछ ।

गाउँपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सीमित श्रोत साधनको अधिकतम सदुपयोग गरी आ आफ्नो - जिम्मेवारी कुशलतापुर्वक निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपील गर्दछु ।

अन्त्यमा, प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाको सन्तुलित र दिगो विकास तथा समृद्धि हासिल भई नागरिकहरुको जीवनस्तर उकास्न सहयोग मिल्नेछ भन्ने अपेक्षा गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेटको निर्माणमा प्रत्यक्ष र परोक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुर्याउनु हुने वडाध्यक्ष एवं सदस्यज्यूहरु, सबै राजनीतिक दल, विषयगत समितिहरु, विषयगत शाखाहरु, सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकाय एवं सरकारी, गैरसरकारी तथा सामाजिक संघसंस्था, उद्योगी, व्यवसायी, नागरिक समाज तथा आम ग्रामथानवासी, प्रति हार्दिक आभार प्रकट गर्दै यो नीति कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

मितिः २०८१ साल जेठ २२ गते

अध्यक्ष गुणावती देवी थारु
कार्यवाहक अध्यक्ष